# तुर्माखाँद गाउँपालिका

## स्थानीय राजपत्र

| खण्डः १ | संख्याः ४ | मितिः २०७६/०५/०५ |
|---|---|---|

भाग १

तुर्माखाँद गाउँपालिका


## तुर्माखाँद गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण मिति: २०७५/०३/११

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तुर्माखाँद गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम तुर्माखाँद गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुर्माखाँद गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले तुर्माखाँद गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले तुर्माखाँद गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले तुर्माखाँद गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्दछ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

**३. नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही तुर्माखाँद गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
बासुदेव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत